पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

# पुतलीबजार नगरपालिका

## नगरकार्यपालिका वैठक

मिति २०८०।०९।११

समयः दिउसो ३.०० बजे

**वैठकका प्रस्तावहरुः**

१. गत वैठकका निर्णय कार्यान्वयको समीक्षा सम्वन्धमा ।

२. प्रगतिनगर बहाकोट नाम्चे काल्खु सडक स्तरोन्नतीको लागि ठेक्का सम्वन्धमा ।

३. झोलुङ्गेपुल निर्माण सम्वन्धमा ।

४. लागत साझेदारीको योजना सम्वन्धमा ।

५. खेलाडीहरुलाई बधाई तथा शुभकामना सम्वन्धमा ।

**निर्णय नं १**

प्रस्ताव नं १ अनुसार नगरकार्यापालिकाको गत मिति २०८० मंसीर २६ गतेको वैठकवाट भएका निर्णयको कार्यान्वयनको अवस्थाको वारेमा छलफल गरियो । निर्णय कार्यान्वयनमा थप प्रभावकारिताका साथ कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं २**

प्रस्ताव नं २ अनुसार शहरी विकास तथा भवन निर्माण विभाग नेपाल शहरी शासकीय तथा पूर्वाधार सुधार आयोजना र यस नगरपालिकाको सम्झौता अनुसार यस नगरपालिका अन्तरगत प्रगतिनगर बहाकोट नाम्चे काल्खु सडकको **DPR** तयार भई आयोजना कार्यान्वयनको लागि **DPR** स्वीकृत गरी निर्माणको लागि खरीद प्रक्रिया अगाडी बढाउन आयोजना समन्वय कार्यालयवाट सहमती समेत प्राप्त भएकोले खरीद कार्यको लागि वोलपत्र प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

प्रस्ताव नं ३ अनुसार यस वर्ष सशर्त अनुदानमा झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तरगत प्राप्त रकमवाट तपशिल बमोजिम कार्य अगाडी बढाउने साथै झोलुङ्गे पुलहरुको सर्वे तथा डिजाईन गर्ने एवं निर्माण कार्यमा सहजीकरण गर्न विगत देखी सो क्षेत्रमा कार्य गर्दै आएको अन्धाअन्धी सामुदायिक विकास केन्द्र स्याङ्जालाई नै निरन्तरता दिने निर्णय गरियो ।

तपशिल

| क्र.स. | झोलुङ्गे पुलको नाम | ठेगाना | गर्नुपर्ने कार्य | कैफीयत |
|---|---|---|---|---|
| १ | सुन्दरखोला झो.पु. | पुलतलीबजार ८ | निर्माण कार्य अगाडी बढाउने | सर्भे भइसकेकोले |
| २ | छोरेखोला गोठिङ्ग झो.पु. | पुतलीबजार ४ | निर्माण कार्य अगाडी बढाउने | सर्भे भइसकेकोले |
| ३ | टुँडीखेलवाट जिल्ला अस्पताल जोड्ने नयाँपुल | पुतलीबजार १ र ३ | लम्वाई वढी भएकोले निर्देशनालय र पिटीए | |

२०८०-९-११
हरिराम नागिला
प्रमुख प्रशासकीय अधिकृत

२०८०-९-११
तुलसी राम रेग्मी
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | | | पोखरामा सर्भे डिजाइको लागि अनुरोध गर्ने | |
| ४ | भुण्टेरह झो.पु. | पुतलीबजार १ र १४ | मर्मतको लागि निर्देशनालय र पिटीए पोखरामा अनुरोध गर्ने | |
| ५ | अरौदी खोला झो.पु, क्षेत्री समाज भवन - देवीस्थान | पुतलीबजार १ र ३ | अन्धाअन्धी सामुदायिक विकास केन्द्रलाई सर्भे र डिजाइन गर्न लगाउने | |
| ६ | मण्डलीथान कँडेल गाउँ पर्स्याङ्ग झो.पु. | पुतलीबजार ५ र ७ | | |
| ७ | पौवैखोला झो. पु. | पुतलीबजार ५ | | |

**निर्णय नं ४**

प्रस्ताव नं ४ माथि छलफल गर्दा यस नगरपालिका वडा नं १३ मा रहेको सक्षम आमा समुहले ५० प्रतिशत लागत सहभागितामा सो समुहको निर्माणाधिन भवन स्पन्न गर्ने कुल लागत ८०११०४। (अक्षेरुपी आठलाख एक हजार एक सय चार) सहित प्रस्ताव पेश गरेकोले उक्त प्रस्ताव स्वीकृत गरी उपभोक्ता नगद लागत सहभागिता शिर्षकवाट रु.४०००००। (अक्षेरुपी चार लाख) विनियोजन गर्ने निर्णय गरियो

**निर्णय नं ५**

प्रस्ताव नं ५ माथि छलफल गर्दा हालै सम्पन्न १२ औ राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता २०८० मा पुतलीबजार नगरपालिकाको समुहले ११ स्वर्ण पदक सहित जिल्लामा प्रथम स्थान हासिल गरेकोले सम्पूर्ण खेलाडी लगायत सरोकारवालाहरुलाई हार्दिक बधाई एवं धन्यवाद ज्ञापन गर्ने र थप खेलको लागि आवश्यक सहयोग एवं शुभकामना प्रदान गर्ने निर्णय गरियो ।

२०८०-८-११
हरिराम नागिला
प्रमुख प्रशासकीय अधिकृत

२०८०-८-११
तुलसी राम रेग्मी
नगर प्रमुख